**बाहिरिने (अप्ट आउट) बारे सूचना**
**अष्ट्रेलियाको संघीय अदालत (Federal Court of Australia)**

**शरण खोज्ने मानिस (शरणार्थी) हरूको अवैधानिक हिरासत बिरूद्ध वर्गीय कार्यवाही**
**(Unlawful detention of people seeking asylum class action)**
***DBE17 (उसको मुद्दाको संरक्षक Marie Theresa Arthur) द्वारा***
***अष्ट्रेलियाको राष्ट्रमंडल विरूद्ध***
**(2019 को VID1392)**

**ध्यान दिनुहोस्:**

तपाईंले यो सूचना ध्यान दिएर पढ्नुपर्छ।

यदि तपाईं अष्ट्रेलियामा **२७ अगस्त २०११** र **२५ फेब्रुअरी २०२०** को अवधिमा २ वा बढी कामकाजी दिन पक्राउ हुनुभएको थियो भने अध्ययागमन हिरासतमा तपाईंले बिताएको समयको बारेमा तपाईं र अन्य व्यक्तिहरूको लागि अदालतको मुद्दा सुरू भएको छ।

तपाईंलाई यो सूचना पठाउन हामीलाई अदालतले आदेश दिएको छ किनकि तपाईंले मुद्दामा सहभागी हुन चाहनुहुन्छ कि हुँदैन भनेर निर्णय गर्नुपर्ने पर्छ।

यदि तपाईंसँग यस सूचनाको बारेमा कुनै प्रश्न छ भने तपाईंले कानुनी सल्लाह लिनु पर्छ। तपाईंले अदालतमा सम्पर्क **गर्ने होइन** ।

यदि तपाईं अंग्रेजी पढ्नुहुन्न भने, यो सूचना निम्न वेबसाइटमा अन्य भाषाहरूमा "शरणार्थी वर्गीय कार्यवाही खोज्ने मानिसहरूको अवैधानिक हिरासत (Unlawful detention of people seeking asylum class action)" अन्तर्गत उपलब्ध छ: https://www.mauriceblackburn.com.au/class-actions/current-class-actions/unlawful-detention-of-people-seeking-asylum-class-action/। तपाईं Maurice Blackburn Lawyers लाई 1800 930 956 नम्बरमा सम्पर्क गरेर वा asylumseekerclassaction@mauriceblackburn.com.au मा ईमेल पठाएर पनि तपाईंको भाषामा सूचनाको प्रतिलिपिका लागि अनुरोध गर्न सक्नुहुन्छ।

## 1. मैले यो किन प्राप्त गर्दैछु?

यो सूचना एक अदालत मुद्दाको बारेमा हो जुन "**DBE17**" भनेर चिनिने एक व्यक्तिले सुरू गरेको हो। कानूनी कारणले गर्दा हामी उहाँको वास्तविक नाम प्रयोग गर्न सक्दैनौं। उहाँ १८ वर्षभन्दा कम उमेरका छन्, त्यसैले यो मुद्दा उहाँका मुद्दा संरक्षक Marie Theresa Arthur द्वारा शुरू गरिएको थियो।

यो मुद्दा अष्ट्रेलियाको संघीय अदालातमा (Federal Court of Australia) छ। यो अष्ट्रेलियाको राष्ट्रमंडल (The Commonwealth of Australia) (**"अष्ट्रेलियन सरकार"**) विरूद्ध हो।

DBE17 दावी गर्छन् कि उनी र अन्य व्यक्तिहरू ("**समूह सदस्यहरू**") जो २७ अगस्ट २०११ र २५ फेब्रुअरी २०२० बीच अष्ट्रेलियामा अध्यागमन हिरासतमा थिए उनीहरूलाई *अवैध रूपमा* अष्ट्रेलियन सरकारद्वारा पक्राउ परेका थिए। तपाईं यो सूचना प्राप्त गर्दै हुनुहुन्छ किनकि तपाईं अष्ट्रेलियामा २७ अगस्ट २०११ र २५ फेब्रुअरी २०२० बीच अध्यागमन हिरासतमा भएको हुन सक्नुहुन्छ। त्यसैले तपाईं यस समूहको एक सदस्य हुन सक्नुहुन्छ।

## 2. अष्ट्रेलियन कानूनी प्रणाली

अष्ट्रेलियाको कानूनी प्रणालीले कुनै व्यक्तिले (जसलाई "**आवेदक**" भनिन्छ) अर्को व्यक्ति, वा कम्पनी वा सरकारविरूद्ध (जसलाई "**प्रतिवादी**" भनिन्छ) वित्तीय क्षतिपूर्तिको लागि अदालतमा मुद्दा सुरू गर्ने अनुमति दिन्छ यदि आवेदकले विश्वास गर्दछ कि ऊ वा उनीले प्रतिवादीले केही गरेको कारण चोटपटक वा नोक्सान भोगेको छ, र यदि प्रतिवादीविरूद्ध आवेदकको दावी (हरू) वा उजुरी (हरू) उचित आधार छ भने।

अष्ट्रेलियामा सबै अदालतहरू संसद र सांसदहरूबाट स्वतन्त्र हुन्छन्। अदालतहरूले पछ्याउने कार्यविधिका लागि उनीहरूसँग स्पष्ट नियमहरू छन्। यसमा कानूनबमोजिम अदालतको मुद्दाको फैसलाको लागि प्रमाण तयार पार्न र त्यस प्रमाणमा कानुनी सिद्धान्तहरू लागू गर्नेलगायतका नियमहरू छन्।

## 3. वर्गीय कार्यवाही (class action) के हो?

यो अदालतको मुद्दा एक "**वर्गीय कार्यवाही**" हो। वर्गीय कार्यवाही एक अदालतको मुद्दा हो जुन कुनै व्यक्तिले (जुन आवेदक हो) मानिसहरूको समूहको (जुन समूह सदस्यहरू हो) लागि अर्को व्यक्ति वा संस्थाको (त्यो प्रतिवादी हो) विरूद्ध सुरू गरेको हुन्छ।

वर्गीय कार्यवाहीमा, आवेदक र समूह सदस्यहरूको प्रतिवादीविरूद्ध उस्तै दावी वा उजुरी हुन्छ।

## 4. यो वर्गीय कार्यवाही के हो?

यस वर्गीय कार्यवाहीमा, DBE17 भन्छ कि अष्ट्रेलिया सरकारले गरेको गैरकानूनी गैर-नागरिकको पक्राउ तब *वैध* हुन्छ जब:

1) सबै समयमा निम्न प्रयोजनका लागि हिरासतमा राखिएको हुन्छ:
    a) अष्ट्रेलियाबाट हटाउने, क्षेत्रीय प्रशोधन मुलुकबाट हटाउनेलगायत (यस मुद्दामा, Nauru वा Papua New Guinea);
    b) गैरकानूनी गैर-नागरिकलाई अष्ट्रेलियामा प्रवेश गर्न र बस्न अनुमति दिने भिसाका लागि आवेदन प्राप्त गर्ने, छानबिन गर्ने र निर्णय गर्दा; वा
    c) भिसाका लागि मान्य आवेदनका लागि अनुमति दिने कि नदिने निर्णय गर्दा।
2) हिरासतको प्रासंगिक उद्देश्य पूर्तिका लागि सक्षम छ।
3) हिरासतको प्रासंगिक उद्देश्य जहिले पनि र जतिसक्दो व्यावहारिक रूपमा चाँडो अगाडि बढाइन्छ।

DBE17 दाबी गर्छ कि उनी र समूह सदस्यहरूलाई *अवैध रूपमा* निम्न एक वा दुवै कारणका लागि अष्ट्रेलिया सरकारले हिरासतमा राखेको थियो:

a) DBE17 र १२ अगस्त २०१२ पछि अष्ट्रेलिया आइपुगेका ती समूह सदस्यहरू नउरू वा पपुवा न्यू गिनीमा लैजान आवश्यक थिए तर गैरकानूनी रूपमा हिरासतमा राखिएको थियो किनकि <u>या त:</u>

   i. ती व्यक्तिहरूलाई ती स्थानहरूमा लैजान व्यावहारिक वा पूर्तिका लागि सक्षम थिएन; वा

   ii. ती व्यक्तिहरूलाई ती स्थानहरूमा लगिएको थियो तर व्यावहारिक रूपमा यथाशीघ्र होइन।

b) अष्ट्रेलिया सरकारले DBE17 र समूह सदस्यहरूलाई अष्ट्रेलियामा रहन भिसा दिने कि नदिने भनेर निर्णय गर्न धेरै समय लियो।

अष्ट्रेलियन सरकार सहमत छैन कि DBE17 र समूह सदस्यहरू अवैधानिक रूपमा हिरासतमा परेका थिए र वर्गीय कार्यवाहीको लागि प्रतिवाद गर्दैछ।

## 5. के तपाईं समूह सदस्य हुनुहुन्छ?

तपाईं समूह सदस्य हुनुहुन्छ यदि तपाईं:

a) २७ अगस्ट २०११ र २५ फेब्रुअरी २०२० बीच अष्ट्रेलियाको कुनै पनि भाग वा भागहरूमा दुईभन्दा बढी कामकाजी दिनको लागि अध्यागमन हिरासतमा बस्नुभएको थियो।

b) तपाईंको अष्ट्रेलियन भिसा रद्द भएकोले तपाईंलाई कारागारमा राखिएको <u>होइन</u>।

c) अष्ट्रेलिया आइपुगेपछि कुनै पनि समयमा तपाईं अष्ट्रेलियामा आउनु भन्दा पहिले बसोबास गर्ने तपाईंको स्वदेश वा अरू कुनै देशमा स्वेच्छाले फर्किनुभएको थिएन।

d) २७ अगस्ट २०११ देखि अष्ट्रेलियाबाट तपाईं बस्नुभएको तपाईंको मुलुक वा अन्य कुनै देशमा फर्काइएको थिएन र अष्ट्रेलिया फर्कनुभएको छैन;

e) तपाईंको भिसाको समयावधि सकिएर र तपाईं वैध भिसाविना अष्ट्रेलियामा रहनुभएकोले हिरासतमा राखिएको थिएन, तपाईंलाई पछि सुरक्षा भिसा दिइएको अवस्थामा बाहेक;

f) *अष्ट्रेलियन सुरक्षा गोप्य सूचना संगठन ऐन १९७९ (Australian Security Intelligence Organisation Act 1979)* (Cth) अन्तर्गत प्रतिकूल सुरक्षा मूल्यांकन कुनै पनि समयमा प्राप्त गर्नुभएन।

यदि तपाईं समूह सदस्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरामा अनिश्चित हुनुहुन्छ भने, तपाईं Maurice Blackburn Lawyers लाई 1800 930 956 नम्बरमा फोन गरेर वा ईमेल: asylumseekerclassaction@mauriceblackburn.com.au मा सम्पर्क गर्नुपर्छ वा ढिला नगरीकन आफैले कानुनी सल्लाह खोज्नुहोस्।

## 6. म एक समूह सदस्य हुँ र म वर्गीय कार्यवाहीमा रहन चाहन्छु - मैले के गर्नु पर्छ?

यदि तपाईं वर्गीय कार्यवाहीमा सहभागी चाहनुहुन्छ भने तपाईंले अहिले केही पनि गर्न आवश्यक **छैन** ।

यद्यपि तपाईंले आफ्नो सम्पर्क विवरणहरू Maurice Blackburn Lawyers, DBE17 का लागि वकिलहरू, को वेबसाइटमा दर्ता गर्न सक्नुहुन्छः https://www.mauriceblackburn.com.au/class-actions/current-class-actions/unlawful-detention-of-people-seeking-asylum-class-action/। यसरी वर्गीय कार्यवाहीबारे भविष्यका कुनै पनि सूचनालाई तपाईंको इच्छित ठेगाना, ईमेल वा मोबाइल नम्बरमा पठाउन सकिन्छ।

यस वर्गीय कार्यवाहीमा रहनका लागि **तपाईंले अहिले कुनै पनि पैसा तिर्नु पर्दैन**: थप विवरणलाई तल "खण्ड ८ *यदि म वर्गीय कार्यवाहीमा रहँदा मैले कुनै पैसा तिर्नु पर्छ?" हेर्नुहोस्।*

वर्गीय कार्यवाहीमा रहनाले तपाईंसँग हुने कुनै पनि भिसामा असर पार्दैन। यदि तपाईंसँग तपाईंको भिसाको बारेमा प्रश्नहरू छन् भने तपाईंले माइग्रेसन एजेन्टलाई सम्पर्क गर्नुपर्छ।

यदि तपाईं वर्गीय कार्यवाहीमा रहनुहुन्छ भने, तपाईं वर्गीय कार्यवाहीको परिणामद्वारा "बाँधिनु" हुनेछ। यसको मतलब वर्गीय कार्यवाहीले जितेमा वा हारेमा वा सुल्झिएमा तपाईंले परिणाम स्वीकार्नुपर्नेछ र यो तपाईंलाई लागू हुनेछ।

a) यदि वर्गीय कार्यवाही सफल भएमा, तपाईं न्याय पुरस्कार वा समाधान रकमको अंशको हकदार हुन सक्नुहुन्छ। त्यो के भने, तपाईंले पैसा प्राप्त गर्न सक्नुहुन्छ।

b) यदि वर्गीय कार्यवाही असफल वा आशा गरिएको भन्दा कम सफल भएमा, तपाईंले कुनै पैसा नपाउन सक्नु हुन्छ वा थोरै पैसा प्राप्त गर्न सक्नुहुनेछ। यद्यपि तपाईंले कुनै पैसा तिर्नु पर्दैन।

वर्गीय कार्यवाही सफल भए वा नभए, यदि तपाईं त्यसमा रहनुभयो भने, तपाईं पछि अष्ट्रेलियन सरकारको विरूद्धमा अवैध हिरासतमा राखिएको उही उजुरीका लागि *(माथि "३ यो वर्गीय कार्यवाही के हो?" मा वर्णन गरिएको )* अदालतमा आफ्नो मुद्दा  चलाउन सक्नुहुन्न।

**7. म एक समूह सदस्य हुँ तर म वर्गीय कार्यवाहीमा रहन चाहन्न - मैले के गर्नु पर्छ?**

यदि तपाईं वर्गीय कार्यवाहीमा रहन चाहनुहुन्न भने तपाईंले अष्ट्रेलियाको संघीय अदालतलाई जानकारी दिनु पर्छ। यसलाई "opting out" अर्थात् "बाहिरिने" भनिन्छ।

यदि तपाईं बाहिरिनु भयो भने तपाईं:

a) यस वर्गीय कार्यवाहीबाट, परिणाम जे भए पनि, कुनै पैसा प्राप्त गर्न सक्नुहुन्न;

b) वर्गीय कार्यवाहीको नतिजामा बाधिने छैन् र यदि तपाईंले चाहेमा अष्ट्रेलियन सरकारको बिरूद्ध गैरकानूनी हिरासतको उस्तै उजुरीको बारेमा अदालतमा आफ्नै मुद्दा शुरू गर्न सक्नुहुनेछ, यदि तपाईंले कानुनी समयसीमाभित्र मुद्दा सुरू गर्नुभयो भने।

यदि तपाईं अष्ट्रेलियन सरकारको बिरूद्धमा अदालतमा आफ्नै मुद्दा चलाउन चाहनुहुन्छ भने तपाईंले आफ्नो मुद्दा र  उपयुक्त समयसीमाबारेमा बाहिरिनु **अघि** पहिला वकिलबाट सल्लाह लिनुपर्छ ।

**यदि तपाईं बाहिरिन चाहनुहुन्छ भने**, तपाईंले यस सूचनाको अन्त्यमा दिइएको बाहिरिने (अप्ट आउट) फाराम पूरा भर्नु पर्नेछ र फारामलाई तलको ठेगानामा ईमेल वा हुलाकबाट पठाउनु पर्छ:

The Registrar
Federal Court of Australia
Victorian District Registry
305 William Street
Melbourne VIC 3000
वा
vicreg@fedcourt.gov.au

**महत्वपूर्ण:**

बाहिरिने (अप्ट आउट) अप्ट आउट फाराम रजिस्ट्रार (Registrar) कहाँ ४ डिसेम्बर २०२० सम्ममा आइपुग्नु पर्नेछ। यदि समयमा आइपुगेन भने, तपाईंको बाहिरिएको (अप्ट आउट गरेको) गणना हुनेछैन र तपाईं अझै यो वर्गीय कार्यवाहीको एक समूह सदस्य हुनु हुनेछ।

बाहिरिन चाहने प्रत्येक समूह सदस्यले छुट्टै बाहिरिने (अप्ट आउट) फाराम भर्नुपर्छ।

## 8. यदि म वर्गीय कार्यवाहीमा रहँदा मैले कुनै पैसा तिर्नु पर्छ?"

तपाईंले वर्गीय कार्यवाहीमा रहनको लागि अहिले केही भुक्तानी गर्नुपर्दैन।

Maurice Blackburn Lawyers ले यस वर्गीय कार्यवाहीलाई 'सशर्त निः शुल्क (प्रो बोनो)' आधारमा चलाइरहेका छन्। यसको मतलब तिनीहरूले तब भुक्तानी पाउनेछन् जब वर्गीय कार्यवाही सफल हुन्छ।

यदि वर्गीय कार्यवाही सफल भएमा, Maurice Blackburn Lawyers ले उनीहरूको कानूनी सेवाहरूको लागि पाउने पैसा अष्ट्रेलियन सरकार वा अरू कुनै पार्टीबाट उनीहरूले असुली गर्न सक्ने रकममा सीमित हुनेछ।

यदि तपाईंलाई आफ्नो दावी पूरा गर्न व्यक्तिगत कानूनी सल्लाह चाहिन्छ भने तपाईंले मुद्दाको अन्त्यमा केही भुक्तानी गर्नुपर्ने हुनसक्छ। तपाईं Maurice Blackburn Lawyers वा अन्य वकिलहरूलाई तपाईंको लागि त्यो कार्य गर्न संलग्न गराउन सक्नुहुन्छ। तपाईं Maurice Blackburn Lawyers लाई सम्पर्क राखेर ती सर्तहरूको प्रतिलिपि प्राप्त गर्न सक्नुहुनेछ जसमा उनीहरूले यस वर्गीय कार्यवाही गरिरहेका छन्।

## 9. तपाईं प्रासांगिक कागजातको प्रतिलिपि कहाँ प्राप्त गर्न सक्नुहुन्छ?

दावीको बयान, र प्रतिवादसहितको प्रासंगिक कागजातको प्रतिलिपि यसरी प्राप्त गर्न सकिन्छ:

(a) यहाँबाट डाउनलोड गरेरः https://www.mauriceblackburn.com.au/class-actions/current-class-actions/unlawful-detention-of-people-seeking-asylum-class-action/;

(b) Maurice Blackburn Lawyers को कुनै कार्यालयमा बिहान ९ बजे देखि साँझ ५ बजेसम्म उनीहरूलाई भेटेर, जसका लागि सम्पर्क विवरण www.mauriceblackburn.com.au मा उपलब्ध छः वा 1800 930 956 मा कल गरेर पाउन सकिन्छ;

(c) संघीय अदालतको जिल्ला रजिस्ट्री (District Registry) मा सम्पर्क गरेर (सम्पर्क विवरणहरू www.fedcourt.gov.au मा उपलब्ध छन्) र उपयुक्त निरीक्षण शुल्क तिरेर; वा

(d) संघीय अदालतको वेबसाइटमा गएर हेरेरः https://www.fedcourt.gov.au/law-and-practice/class-actions/class-actions।

माथिका मामिलाहरूलाई ध्यानपूर्वक विचार गर्नुहोस्। यदि त्यहाँ तपाईं कुनै कुरामा अनिश्चित हुन हुन्छ भने, तपाईंले Maurice Blackburn Lawyers लाई 1800 930 956 मा सम्पर्क गर्नुहोस् वा asylumseekerclassaction@mauriceblackburn.com.au मा ईमेल गर्नुहोस् वा आफ्नै कानुनी सल्लाह लिनुहोस्। तपाईंले आफ्नो निर्णय गर्न ढिलाइ गर्नु हुँदैन।

Form 21
Rule 9.34

**OPT OUT NOTICE**

No. VID1392 of 2019

**अनुबन्ध बी (Annexure B)**

**यदि तपाईं वर्गीय कार्यवाहीमा सहभागी हुन '<u>चाहनु हुन्न</u>' भने मात्र यो फाराम प्रयोग गर्नुहोस्**

फाराम 21
नियम 9.34

**बाहिरिने (अप्ट आउट) सूचना**

नम्बरः 2019 को VID1392

Federal Court of Australia
District Registry: Victoria
Division: General

**DBE17 (उहाँको मुद्दाको संरक्षक Marie Theresa Arthur द्वारा)**
आवेदक/वादी

**अष्ट्रेलियाको राष्ट्रमंडल (The Commonwealth of Australia)**
प्रतिवादी

प्रापक (To): The Registrar
Federal Court of Australia
VIC District Registry
Owen Dixon Commonwealth Law Courts Building
305 William Street
Melbourne VIC 3000

[तपाईंको पूरा नाम], यस वर्गीय कार्यवाहीको कुनै समूह सदस्यले, *संघीय अदालत अष्ट्रेलियाको ऐन १९७६ (Federal Court of Australia Act 1976)* को धारा 33J अन्तर्गत यो सूचना दिन्छ कि उहाँ [तपाईंको पूरा नाम] वर्गीय कार्यवाहीबाट बाहिर (अप्ट आउट) हुँदै छन्।
मितिः [जस्तैः 19 June 20..]

तपाईंको हस्ताक्षर:

तपाईंको पूरा नाम:

जन्म मिति:

इमेल ठेगानाः

फोन नम्बर:

**एउटामा गोलो चिह्न लगाउनुस्:** समूह सदस्य *वा* समूह सदस्यका लागि कानूनी अभिभावक *वा* समूह सदस्य <u>हैन</u>